फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.com

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
## सहकारी विभाग
नयाँ बानेश्वर, काठमाडौं ।

पत्र संख्या :- ०८०/८१
चलानी नं.:- १२२८

मिति :२०८०/१२/४

विषय : वित्तीय साक्षरता सम्बन्धमा ।

श्री सहकारी संघ/संस्थाहरु सवै,

वालवालिका र युवाहरुमा वित्तीय साक्षरता अभिवृद्धि गर्दै वित्तीय ज्ञान, सीप र मनोवृत्तिको विकास गर्ने उद्देश्यका साथ Organization for Economic Cooperation and Development (OECD) को संयोजनमा सन् २०१२ देखि हरेक वर्ष (Global Money Week-GMW) 'ग्लोवल मनी विक' विश्वभर मनाउने गरिएको छ । यसै सन्दर्भमा २०२४ मार्च १८ देखि २४ (२०८० चैत्र ५ देखि ११) सम्म 'Protect Your Money, Secure Your Future' भन्ने नाराका साथ Global Money Week को १२ औं श्रृंखला मनाउन लागिएको हो । यो विश्वव्यापी वित्तीय चेतनामुलक अभियान हालसम्म १७६ मुलुकका ६ करोडभन्दा वढी वालवालिका र युवामाझ पुगिसकेको छ भन्ने व्यहोरा नेपाल राष्ट्र वैंकको मिति २०८०।११।१७ पत्र संख्या ग.का./FICPD/GMW/२०८०/८१ को पत्रवाट जानकारी प्राप्त भएको व्यहोरा अनुरोध छ ।

यसै सन्दर्भमा यहाँहरुले युवा लक्षित वित्तीय साक्षरता सम्वन्धी विशेष कार्यक्रमहरु आयोजना गरी हर्षोल्लासपुर्वक मनाउनु हुन अनुरोध छ । साथै त्यस्ता कार्यक्रमहरु सम्पन्न भएका फोटोसहितका विवरण यस विभागमा समेत उपलव्ध गराइदिनु हुन अनुरोध छ ।

(पिताम्बर घिमिरे)
रजिष्ट्रार

**वोधार्थ**
श्री नेपाल राष्ट्र वैंक,
गभर्नरको कार्यालय, काठमाडौं : जानकारीका लागि।

CamScanner